यस बैंकले हालसम्म विभिन्न मितिमा गरी चार्टर्ड एकाउण्टेण्ट (व्यक्ति/फर्म) समूहमा १५० र दर्तावाला लेखापरीक्षक (व्यक्ति/फर्म) समूहमा ३५ गरी जम्मा १८५ लेखापरीक्षकहरुको सूचीलाई यथावत कायम राखी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६० को उपदफा २ को प्रयोजनका लागि देहाय बमोजिमका योग्यता पुगेका तथा तोकिएको शर्तको अधिनमा रही लेखापरीक्षणको कार्य गर्ने गरी चार्टर्ड एकाउण्टेण्ट (व्यक्ति/फर्म) समूहमा २८ र दर्तावाला लेखापरीक्षक (व्यक्ति/फर्म) समूहमा १८ गरी जम्मा ४६ लाई मिति २०६५।५।१३ को निर्णयानुसार लेखापरीक्षकहरुको थप सूची कायम गरिएको छ ।

**"क" चाटर्ड एकाउण्टेण्ट (व्यक्ति/फर्म) समूह**

| सि.नं | लेखा परीक्षक/लेखापरीक्षण गर्ने संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | प्रकृति तुलाधर | ज्ञानेश्वर, काठमाडौं |
| २ | शंकर प्रसाद खरेल | मैतीदेवी ३३, काठमाडौं |
| ३ | नवराज बुर्लाकोटी | नयाँ बानेश्वर, काठमाडौं |
| ४ | बि.आर.ढुंगाना एण्ड एसोसियटस् | का.म.न.पा. ३४, बानेश्वर |
| ५ | प्रकृति एण्ड एशोसियट्स | ज्ञानेश्वर, काठमाडौं |
| ६ | एस.पि. खरेल एण्ड एशोसियट्स | मैतीदेवी ३३, काठमाडौं |
| ७ | डि.एस. एण्ड एशोसियट्स | घर नं. १२, मध्यपुर ठिमी, भक्तपुर |
| ८ | एन.एस. एण्ड एशोसियट्स | ७२०, निर्मललामा मार्ग, काठमाडौं |
| ९ | आर. श्रेष्ठ एण्ड एशोसियट्स | वडा नं. १९, कुमारीपार्टी ललितपुर |
| १० | एस.के. अग्रवाल एण्ड कम्पनी | विर्तामोड ४, भद्रपुर रोड, झापा |
| ११ | टि.एन. आचार्य एण्ड कम्पनी | का.म.न.पा. ३४, नयाँबानेश्वर |
| १२ | पि. आनन्द एण्ड एसोसियटस् | कुपण्डोल, ललितपुर |
| १३ | दाहाल एण्ड एसोसियटस् | घर नं. २६, सिभिल होम्स, कलंकी |
| १४ | राठी पि.के.एण्ड एसोसियटस् | मेनरोड, बिराटनगर १२ |
| १५ | एम. तिवारी एण्ड एसोसियटस् | किर्तीपुर १, काठमाडौं |
| १६ | बि.एम. ढुंगाना एण्ड एसोसियटस् | ललितपुर ५, थसिखेल |
| १७ | एन.के. शर्मा एण्ड कम्पनी | खुमलटार, धापाखेल १, ललितपुर |
| १८ | के कार्की एण्ड एसोसियटस् | गोल पार्क, बुटवल ५, रुपन्देही |
| १९ | जि. पौड्याल एण्ड एसोसियटस् | खिचापोखरी, पो.ब.नं. १२९ |
| २० | एस.बि. जोशी एण्ड एसोसियटस् | म्यूजियम मार्ग, छाउनी १५, काठमाडौं |
| २१ | एस केडिया एण्ड एसोसियटस् | खिचापोखरी, पो.ब.नं. १२९ |
| २२ | अनिल एण्ड एसोसियटस् | सामाखुशी, पो.ब.नं. २५२६६ |
| २३ | बानियाँ एण्ड एसोसियटस् | घट्टेकुलो, काठमाडौं |
| २४ | बि.एस.लाला एण्ड कम्पनी | बिजुलीबजार, काठमाडौं |
| २५ | एस बस्नेत एण्ड कम्पनी | ब्रम्हटोल, काठमाडौं |
| २६ | ज्योतिराज अधिकारी | चावहिल २७/१४, गणेशमार्ग, काठमाडौं |
| २७ | मनोज श्रेष्ठ | महापाल, ललितपुर |
| २८ | एम श्रेष्ठ एण्ड एसोसियटस् | महापाल, ललितपुर |

**"ख" दर्ताबला लेखा परिक्षक (व्यक्ति/फर्म) समूह**

| सि.नं | लेखा परीक्षक/लेखापरीक्षण गर्ने संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | पण्डित एण्ड एशोसियट्स | माइतीघर, काठमाडौं |
| २ | दमन एण्ड कम्पनी | महाराजगञ्ज, सृजनशील मार्ग |

| | | |
|---|---|---|
| ३ | कमल बराल | पुलतीसडक, काठमाडौं |
| ४ | श्रीराम शर्मा | पातलखेत ३, काभ्रेपलान्चोक |
| ५ | ज्ञान बहादुर रानाभाट | अयोध्यापुरी ८, चितवन |
| ६ | वि.उपाध्याय एण्ड कम्पनी | पुलतीसडक, काठमाडौं |
| ७ | देब किरण बुढा | सुर्खेत, बिरेन्द्रनगर ९ |
| ८ | एस.आर.ताम्राकार एण्ड कम्पनी | घर नं. ९७, यट्काबहाल, काठमाडौं |
| ९ | भैरव बहादुर घिमिरे | थसिखेल, ललितपुर |
| १० | जगदिश चन्द्र घिमिरे | का.म.न.पा. ३४, नयाँबानेश्वर |
| ११ | भुसाल एण्ड कम्पनी | कालिमाटी, सोल्टीमोड, काठमाडौं |
| १२ | जे.एम. एण्ड कम्पनी | तीनकुने, काठमाडौं |
| १३ | डा. शैलेन्द्र लाभ कर्ण | जनकपुरधाम, धनुषा |
| १४ | आर थापा एण्ड कम्पनी | बत्तिसपुलती, काठमाडौं |
| १५ | दिलिपलाल एण्ड एसोसियटस् | जनकपुरधाम ८, धनुषा |
| १६ | श्रीवास्तब एण्ड कम्पनी | ७८/१५ एकान्तकुना, काठमाडौं |
| १७ | पि.के.चालिसे एण्ड कम्पनी | कमलविनायक, भक्तपुर |
| १८ | देवी प्रसाद शर्मा | पुतलीबजार ९, स्यांङ्जा |

**शर्तहरुः**

(१) लेखापरीक्षण गर्ने संस्थाको हिस्सेदार वा साझेदार वा शेयरहोल्डरहरु परिवर्तन भएमा त्यस्तो परिवर्तन भएको मितिले ७ दिनभित्र यस बैंकलाई जानकारी दिनुपर्ने ।

(२) कुनै एउटा संस्थाको Internal Audit सम्बन्धी कार्य गर्न जिम्मेवारी तोकिएको व्यक्ति वा संस्था तथा सो संस्थाका साझेदार वा कर्मचारीले सो संस्थाको क्तबतगतयचथ बगमष्त सम्बन्धी कार्यमा संलग्न हुन नपाउने । त्यस्तै गरी कुनै एउटा संस्थाको Statutory Audit सम्बन्धी कार्य गर्न जिम्मेवारी तोकिएको व्यक्ति वा संस्था तथा सो संस्थाका साझेदार वा कर्मचारीले सो संस्थाको Internal Audit सम्बन्धी कार्यमा संलग्न हुन नपाउने ।

(३) यस बैंकको स्वीकृत सूचीमा समावेश भएका लेखापरीक्षण गर्ने व्यक्ति वा संस्थाहरुको योग्यता यस बैकले तोकेको योग्यता अनुरुप नभएमा वा त्यस्ता लेखापरीक्षकहरुले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६३ बमोजिम काम, कर्तव्य र अधिकार पूरा नगरेमा यस बैंकको स्वीकृत सूचीबाट हटाइने ।

(४) यस बैंकबाट सूचीकृत/स्वीकृत लेखापरीक्षकहरु कम्पनी ऐन, २०६३ को दफा ११२ र सो दफाको उपदफा र खण्डहरुमा उल्लेख भएको शर्त वमोजिम लेखा परीक्षकमा नियुक्त हुन नसक्ने अवस्था नभएको हुनु पर्नेछ ।

(५) यस बैंकको स्वीकृत सूचीमा समावेश भएका लेखापरीक्षण गर्ने व्यक्ति तथा संस्थाहरुले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र (आश्विन मसान्तभित्र) नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाले नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि यस बैंक समक्ष पेश गर्नुपर्नेछ । अन्यथा, स्वीकृत लेखापरीक्षकहरुको सूचीवाट जुनसुकै वखत नाम हटाउन सकिने छ ।

(६) यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुको वित्तीय विवरण तयार गर्दा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा अन्य कानूनमा व्यवस्था भए बमोजिम कार्य नगर्ने लेखा परिक्षकलाई गल्तिको प्रकृति हेरी लेखा परीक्षकको सूचीबाट हटाएको कम्तिमा दुई वर्ष पछि मात्र पुनः सूचीकरण गर्ने ।

(७) यस बैंकबाट “क” वर्गका इजाजतपत्र प्राप्त वित्तीय संस्थाहरु र रु. २० करोडभन्दा बढी कारोवार भएका इजाजतपत्र प्राप्त वित्तीय संस्थाहरुको हकमा “क” वर्गका पेशागत प्रमाणपत्रप्राप्त लेखापरीक्षकहरुले मात्र लेखापरिक्षण गर्न सक्ने । साथै, “क” वर्गका पेशागत प्रमाणपत्र प्राप्त लेखापरीक्षणले यस बैंकबाट इजाजतपत्र प्राप्त “ख”, “ग” र “घ” वर्गका इजाजतपत्रप्राप्त वित्तीय संस्थाहरुको समेत लेखापरीक्षण गर्न सक्ने ।

(८) माथि बुँदा नं (७) मा उल्लेख भएकोमा बाहेक लेखापरिक्षण गर्न सक्ने कारोवार सीमा लगायतका अन्य कुराको हकमा प्रचलित ऐन कानून बमोजिम योग्य हुनुपर्ने ।